# पूर्वीय भाषिक चिन्तन परम्परा

डा. प्रेमप्रसाद तिवारी

त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस

*(लेखसार : प्रस्तुत लेखमा ऐतिहासिक भाषाविज्ञानको अवधारणाका आधारमा पूर्वीय भाषिक चिन्तन परम्पराका बारेमा अध्ययन गरिएको छ । यस लेखमा द्वितीयक स्रोत वा सन्दर्भ स्रोतका सामग्रीको उपयोग गरिएको छ । यस लेखका लागि आवश्यक सामग्री पुस्तकालयीय कार्यका आधारमा सङ्कलन गरिएको छ । यस लेखमा पूर्वीय भाषिक चिन्तनको परम्परालाई मूलतः वैदिक संस्कृत र लौकिक संस्कृतमा विभाजन गरिएको छ । यस लेखमा पूर्वीय भाषिक चिन्तन परम्परामा देखापरेका प्रमुख वैयाकरण र सम्प्रदायको सङ्क्षेपमा चिनारी दिई तिनले भाषिक अध्ययनका क्षेत्रमा दिएका मुख्य योगदान र तिनका विशेषताहरूका बारेमा चर्चा गरिएको छ । यस लेखमा वैदिक संहितामा भाषाका बारेमा चिन्तन गरिएको भए पनि भाषिक चिन्तनको समृद्धशाली परम्परा लौकिक संस्कृतमा आएर मात्र देखिएको कुरा स्पष्ट पारिएको छ । पूर्वीय भाषिक चिन्तन परम्परालाई समुन्नत गराउने कार्य पाणिनि, कात्यायन र पतञ्जिलिबाट भएको कुरा उल्लेख गर्दै यिनैका भाषा विषयक अवधारणामा आजको भाषिक अध्ययन उभिएको छ भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ । पूर्वीय भाषिक चिन्तनमा मात्र नभई पाश्चात्य भाषिक चिन्तनलाई समेत व्यवस्थित बनाउने कार्य मुनित्रयको व्याकरणिक कार्यबाट भएको र आजको भाषाको वैज्ञानिक अध्ययनको जग यिनै वैयाकरणले स्थापना गरिदिएको विषय यस लेखमा आएको छ । यस लेखमा पूर्वीय भाषिक अध्ययनलाई पूर्व पाणिनि युग, पाणिनि युग र उत्तर पाणिनि युग गरी तीन चरणमा विभाजन गरी पाणिनि युग नै पूर्वीय भाषिक चिन्तनको स्वर्ण युग रहेको र उत्तर पाणिनि युगमा पनि पाणिनि युगकै निरन्तरता रहेको विषय निष्कर्षका रूपमा आएको छ ।)*

***शब्दकुञ्जी :*** *भाषिक, लौकिक, वैदिक, व्याकरण, सम्प्रदाय*

## विषयप्रवेश

भाषा मानिसको सबैभन्दा ठुलो विचार आदानप्रदानको सधान हो । मानिसका विचार विनिमयका लागि भाषा अनिवार्य हुन्छ । अन्तर्मनका विचार सटासाट गर्नका लागि मानिसले प्राप्त गरेको शक्ति नै भाषा हो । भाषिक क्रियाकलापका माध्यमबाट नै मानिस एकअर्कासँग सम्बन्धमा अनुबन्धित भएको हुन्छ ।

भाषाको उत्पत्ति र यसको विकासका समबन्धमा विभिन्न विद्वान्हरूको आफ्नै धारणा, तर्क, दृष्टिकोण र विचार रहेका छन् । पूर्व र पश्चिम दुवै भूगोलमा भाषिक चिन्तनका विषयमा आआफ्नै किसिमका तर्क र प्रमाण रहेका छन् । पूर्वीय भाषिक चिन्तन परम्पराका बारेमा व्याख्या गर्ने प्राचीन आधिकारिक ग्रन्थका रूपमा वेद रहेको पाइन्छ । वेदमा भाषिक चिन्तनको प्रारूप पाइने भएकाले यसलाई भाषाको आधिकारिक परिचर्चाका रूपमा हेर्ने गरिन्छ । वैदिक एवम् लौकिक संस्कृतका मनीषीहरूले भाषाका विभिन्न अवयव, शब्दको व्युत्पत्ति तथा विकास, ध्वनिविज्ञान, वाक्यविज्ञान, तुलनात्मक भाषाविज्ञान तथा व्याकरणको गहन अध्ययन एवम् विश्लेषण गरेका छन् । भाषाको उत्पत्ति तथा विकासका बारेमा चर्चा गर्ने पूर्वीय परम्परा निकै समृद्ध र समुन्नत रहेको छ । प्रस्तुत लेखमा भाषिक चिन्तनको पूर्वीय परम्पराका बारेमा समीक्षा गरिएको छ । संस्कृत व्याकरण परम्पराको वैदिक र लौकिक भाषिक चिन्तन परम्परा केकस्तो रहेको छ भन्ने मुख्य प्राज्ञिक समस्यामा केन्द्रित भई अध्ययन विश्लेषण गर्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ । यसका लागि ऐतिहासिक अध्ययन पद्धतिलाई आधार बनाइएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा पूर्वीय भाषिक चिन्तन परम्पराका बारेमा अध्ययन गरिएको छ । भाषिक चिन्तन परम्पराको अध्ययनका लागि ऐतिहासिक पद्धतिको उपयोग गरिएको छ । यस लेखमा द्वितीयक स्रोतका सामग्री वा सन्दर्भ सामग्रीको उपयोग गरिएको छ । यी सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । ऐतिहासिक अध्ययन पद्धतिका आधारमा पूर्वीय भाषिक चिन्तन परम्पराका वैदिक र लौकिक युगमा रहेको भाषाको विश्लेषण गरी सत्यापन गरिएको छ ।

## ऐतिहासिक अध्ययनको अवधारणा

भाषाको अध्ययनका लागि विभिन्न पद्धतिको विकास भएका छन् । भाषाको अध्ययनका लागि ऐतिहासिक भाषाविज्ञान, वर्णनात्मक भाषाविज्ञान, तुलनात्मक भाषाविज्ञान, सैद्धान्तिक भाषाविज्ञान, प्रायोगिक भाषाविज्ञान आदि विभिन्न शाखाको विकास भएको पाइन्छ । भाषाको अध्ययनका लागि विकसित यी विविध शाखामध्ये इतिहाससापेक्ष भाषाको अध्ययन गर्ने शाखा नै ऐतिहासिक भाषाविज्ञान हो । ऐतिहासिक भाषाविज्ञानको सुरुवातसँगै यसको संस्थागत विकास सुरु भयो र वैज्ञानिकले विभिन्न

मण्डल निर्माण गरी संस्थागत अध्ययनमा जोड दिए (गौतम र अन्य, २०६७, पृ. २८६) । ऐतिहासिक भाषाविज्ञानलाई आधार बनाएर पौरस्त्य र पाश्चात्य भाषिक सम्प्रदायको अध्ययन गरिएको छ ।

पूर्वीय भाषिक चिन्तनको अत्यन्तै समृद्ध परम्परा रहेको छ । प्राचीन वैदिक ग्रन्थदेखि प्रारम्भ भएको भाषिक चिन्तनको परम्परा निकै पछाडिसम्म पनि विस्तरित हुन पुगेको पाइन्छ । भाषाको यही गतिशीलतासँग सम्बन्धित अध्ययन नै ऐतिहासिक भाषाविज्ञानको क्षेत्र हो । ऐतिहासिक पद्धतिका आधारमा भाषाको अध्ययन गर्दा प्राचीन वा ऐतिहासिक सामग्रीलाई आधार बनाइन्छ । ऐतिहासिक अध्ययन पद्धतिका आधारमा अध्ययन गर्दा भाषाका ध्वनि, वर्ण, रूप, वाक्य, अर्थ अदि विविध पक्षलाई जोड दिइन्छ । भाषिक अध्ययनको पूर्वीय परम्परा पाणिनि, कात्यायन, पतञ्जलि हुँदै निरन्तररूपमा अगाडि बढेको पाइन्छ । वैदिक युगदेखि लिएर सत्रौँ शताब्दीसम्मको अवधिलाई भाषिक अध्ययनको प्राचीन कालका रूपमा लिइन्छ (तिवारी, १९९४, पृ. ४७३) । यस अवधिमा पूर्वीय आचार्यहरू आचार्य भरतमुनि, भामह, दण्डी, वामन, रुद्रट, आनन्दवर्धन, मम्मट, विश्वनाथ, जगन्नाथले कुनै न कुनै किसिमबाट भाषिक चिन्तनलाई गति प्रदान गरेका छन् ।

ऐतिहासिक भाषाविज्ञानले भाषाको विकासका विविध अवस्था देखाउँदै प्राचीनदेखि वर्तमान समयसम्मको भाषिक स्वżपको अध्ययन गर्छ । भाषाको उत्पत्ति कसरी भयो अनि भाषामा केकस्ता परिवर्तन हुँदै आजको अवस्थासम्म आइपुग्यो भन्ने कुराको अध्ययन ऐतिहासिक भाषाविज्ञानले गर्छ । भाषाको प्राचीन रूप, मध्यकालीन रूप तथा आधुनिक रूपको विकास हुन पुग्यो भन्ने कुराको अध्ययन पनि ऐतिहासिक भाषाविज्ञानको क्षेत्रअन्तर्गत नै पर्छ । वैदिक कालमा भाषाको अवस्था कस्तो थियो अनि लौकिक संस्कृत प्रचलनमा रहेको अवस्थामा भाषा कस्तो थियो भन्ने कुराको यथातथ्य निकाल्ने काम पनि ऐतिहासिक भाषाविज्ञानले नै गर्छ । पारिवारिक दृष्टिले आपसमा सम्बद्ध भाषाहरूको शब्द, रूप, ध्वनि तथा वाक्य निर्माणका नियम आदिको ऐतिहासिक अध्ययनका आधारमा मूल भाषाको ध्वनि, शब्द, रूप आदि पत्ता लगाउनु पुनर्निर्माण हो (तिवारी, सन् २००४, पृ.४३४) । भाषाको पुनर्निर्माण गरेर त्यसको माउ भाषा पत्ता लगाइन्छ । पुनर्निर्माण प्रक्रियाले भाषाहरूको पारिवारिक साइनोलाई विश्वसनीय तुल्याउन र तिनका वक्ताहरूको इतिहास, संस्कृति, सभ्यता आदिका विशेषता ठम्याउन ठुलो सहयोग पुऱ्याएको छ (गिरी, २०५१, पृ. ७८) । ऐतिहासिक अध्ययनले वक्ताको इतिहास, संस्कृति

तथा सभ्यताका बारेमा जानकारी दिन्छ । यही ऐतिहासिक अध्ययन पद्धतिका आधारमा पूर्वीय भाषिक चिन्तन परम्पराको अध्ययन कार्य यस लेखमा गरिएको छ ।

## छलफल र परिणाम

पूर्वीय परम्परामा भाषिक चिन्तनको प्रारम्भ वैदिक युगदेखि नै सुरु भएको मानिन्छ । पूर्वीय भाषिक चिन्तन परम्परालाई वैदिक संस्कृत युग र लौकिक संस्कृत युग गरी दुई खण्डमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ ।

### वैदिक संस्कृत युगमा भाषिक चिन्तन

वेदसँग सम्बन्धित वा वेदमा प्रयोग भएको संस्कृत भाषालाई वैदिक संस्कृत भनिन्छ । वैदिक संस्कृत युगको समय इ.पू. १५०० देखि इ.पू. ८०० सम्मको समयलाई मानिन्छ । वैदिक संहिताहरू, आरण्यक, उपनिषद्, ब्राह्मण ग्रन्थहरूमा गम्भीर रूपमा भाषाबारे चिन्तन मनन भएको पाइन्छ । पूर्वमा भाषाका सम्बन्धमा भएका चिन्तन र अध्ययनको आरम्भिक बीज वेदमा पाइन्छ । आर्यहरूको सर्वप्राचीन वाङ्मय ग्रन्थ *ऋग्वेद*मा नै भाषाका बारेमा गहकिलो चिन्तन पाइन्छ (गौतम र पौड्याल, २०७८, पृ. ७) । *ऋग्वेद*को समय इ.पू. ४००० वर्षसम्म मानिएकाले त्यो समयदेखि नै पूर्वीय जगत्मा व्याकरण परम्परा स्थापित भएको हो ।

संस्कृतको भाषिक चिन्तन इ.पू. १५०० तिरबाट विकसित भएको देखिन्छ । प्राचीन ऋषिहरूले सबै शास्त्रीय चिन्तनको केन्द्र वेदलाई मानेका छन् । वेदको अध्ययनका लागि ६ ओटा अङ्गहरू *शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द* र *ज्योतिष* बताइएका छन् । यीमध्ये शिक्षा, व्याकरण, निरुक्त र छन्दमा भाषाका बारेमा चिन्तन गरिएको छ । शिक्षा ग्रन्थमा ध्वनिका बारेमा चर्चा गरिएको छ । शिक्षामा स्वर तथा व्यञ्जन वर्ण उच्चारण विधिका बारेमा पनि विवेचना गरिएको छ । यसमा ध्वनिलाई स्थान, करण तथा प्रयत्नका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । व्याकरणमा पद तथा वाक्यका बारेमा परिचर्चा गरिएको पाइन्छ । यस्तै निरुक्तमा शब्द व्युत्पत्तिका बारेमा तथा छन्दमा वैदिक मन्त्रको सम्यक् उच्चारणका सम्बन्धमा चर्चा गरिएको छ । अहिले पनि वेदका मन्त्र पढ्दा देवता, ऋषि र छन्दको नाम लिएर मात्र पढिन्छ ।

वैदिक संस्कृतअन्तर्गत *ऋग्वेद, यजुर्वेद, सामवेद* र *अथर्ववेद* रहेका छन् । यिनै चार वेद र वेदका आधिकारिक ग्रन्थका रूपमा रहेका *ब्रा≈मण* ग्रन्थहरू र वेदका आधारमा तŒवज्ञानका व्याख्या गरिएका *उपनिषद्* ग्रन्थ रहेका छन् । सर्वप्राचीन ग्रन्थ *ऋग्वेद*मा 'वाक्' शब्दको प्रयोग विभिन्न अर्थमा गरिएको छ । वेदको भाषालाई दैवीवाक् भन्दै *ऋग्वेद*मा यस्तो भनिएको छ :

चत्वारि वाक् परिमिता पदानि तानि विद्रुर्ब्राम्हणा ये मनिषिणः

गुहा त्रीणि निहिता नेङ्गयन्ति तुरीयं वाचो मनुष्याः वदन्ति ॥ ऋग्वेद १ । १६४। ४५

माथि उल्लिखित श्लोकको अर्थ गर्ने विद्वान्हरूले चत्वारि 'वाक्' का विभिन्न अर्थ लगाएका छन् । निरुक्तकारले 'ॐ, भूः, भुवः र स्वः' भनेका छन् । पतञ्जलिले नाम, आख्यात (क्रिया र विशेषण), उपसर्ग र निपातलाई चत्वारि वाक् भनेका छन् । भर्तृहरि, नागेश, गौडपाद र सायण जस्ता विद्वान्ले चार वाणीमा (चत्वारि वाक्) परा, पश्यन्ती, मध्यमा र वैखरीलाई लिएका छन् (बन्धु, २०५७, पृ. १२) । वैदिक संहिताको व्याख्या गर्ने क्रममा विभिन्न *प्रातिशाख्य* र *शिक्षा* ग्रन्थहरू रचना भएका छन् । वैदिक शब्दको व्युत्पत्तिको प्रथम प्रयास *ब्रा≈मण* ग्रन्थमा गरिएको छ । वैदिक शब्द कुनै न कुनै क्रिया या धातुबाट बनेको हुन्छ भन्ने कुरा यस ग्रन्थमा उल्लेख गरिएको छ । शब्दरचनाको शास्त्रीय पद्धतिको आरम्भ ब्रा≈मण कालका विद्वान्हरूबाट भएको हो । तुलनात्मक भाषाविज्ञानको बीज *ब्रा≈मण* ग्रन्थमा पाइन्छ । *ब्रा≈मण* ग्रन्थको भेद *गोपथ ब्रा≈मण*मा धातु, प्रातिपादिक, आख्यात, लिङ्ग, वचन, विभक्ति, प्रत्यय, स्वर, उपसर्ग, निपात, व्याकरण, मात्रा, वर्ण, अक्षर, पद आदि पारिभाषिक शब्दको प्रयोग भएको छ (द्विवेदी, सन् २००६, पृ. ४५०) । वेदका विभिन्न शाखास“ग सम्बद्ध *प्रातिशाख्य* वैदिक कालको सैद्धान्तिक एवम् प्रायोगिक ध्वनिविज्ञान प्रा¿प हो । *प्रातिशाख्य*मा *शिक्षा* ग्रन्थमा प्रतिपादित ध्वनि विज्ञानको विवेचना गरिएको छ । व्याकरणको प्रारम्भिक रूप प्रस्तुत गरेको *प्रातिशाख्य*लाई प्राचीन व्याकरण ग्रन्थ मानिन्छ ।

*प्रातिशाख्य* ग्रन्थमा वैदिक संहिताको परम्परागत उच्चारण सुरक्षित राख्दै स्वराघात, मात्रा र उच्चारणसम्बन्धी नियमको अध्ययन गरिएको छ । यसमा संस्कृत ध्वनिहरूको वर्गीकरण गरिएको छ

जुन वर्गीकरण अहिलेसम्म पनि मानि“दै आएको छ । पदलाई नाम, आख्यात, उपसर्ग र निपात गरी चार वर्गमा बा“डिएको छ ।

*निघण्टु* वैदिक वाङ्मयको प्राचीन कोश हो । यसमा पा“च अध्याय रहेका छन् । सुरुका तीन अध्यायमा पर्यायवाची शब्द, चौथो अध्यायमा वेदका कठिन र अस्पष्ट शब्द र पा“चौ“ अध्यायमा देव वाचक शब्द समावेश गरिएको छ । *निघण्टु*को रचना महर्षि यास्कले गरेको मानिन्छ । वैदिक वाङ्मयको कोशका रूपमा रहेको *निघण्टु*मा सङ्कलित शब्दहरूको व्युत्पत्ति र अर्थ निर्धारण गर्ने शास्त्र *निरुक्त* हो (गौतम र पौड्याल, २०७८, पृ. ९) । *निरुक्त*का रचयिता पनि यास्क (इ.पू. ५००) नै हुन् । कसैकसैले यास्कलाई इ.पू. ८०० तिरका मानेका छन् । *निरुक्त* व्युत्पत्ति विज्ञानको आदि ग्रन्थ  हो । *निघण्टु*का प्रत्येक शब्दको व्युत्पत्ति र अर्थको विवेचना *निरुक्त*मा गरिएको छ । यसमा १२९८ शब्दको व्युत्पत्ति दिइएको छ । जसमा ८४९ प्राचीन ढङ्गका छन् भने २२४ वैज्ञानिक र २२५ अस्पष्ट छन् (तिवारी, २००४, पृ.४७८) । *निरुक्त*मा यास्कले धेरै महत्त्वपूर्ण काम गरेका छन् ।

यास्कद्वारा रचित *निरुक्त*मा शब्दको व्युत्पत्ति र अर्थ समावेश गरिएको छ । यसमा भाषाको उत्पत्ति, गठन र विकासबारे विचार राखिएको छ । यसमा यौगिक र रुढ शब्दको शास्त्रीय ढङ्गबाट विवेचना गरिएको छ । यसमा पदलाई नाम, आख्यात, उपसर्ग र निपात गरी चार वर्गमा विभाजन गरिएको छ र शब्दको अर्थ समावेश गर्दै अर्थविज्ञानको पृष्ठभूमि पनि निर्माण गरिएको छ । यसमा शब्दको मूल धातु हो र सबै शब्द धातुबाट निर्मित भएका हुन्छन् भन्ने शब्दनिर्माणको अवधारणा प्रस्तुत गरिएको छ । *निरुक्त*मा यास्कले आफ्नो समयमा प्रचलित भाषाअन्तर्गतका विभाषाको विवेचना गरेका छन् अनि यही कृतिमा उपसर्ग र प्रत्ययलाई धातुबाट अलग गरिएको छ । यास्कले वैदिक मन्त्रका अर्थ अघि स्वतः आभासित हुन्थे भन्दै अर्थ बुझ्िन छोडेपछि ऋषिहरूले तिनको अर्थ गरेको कुरा बताएका छन् । ऋषिहरूबाट अर्थ गर्ने क्रममा यास्कले सबै नामलाई धातुबाट विकसित मानेर ‘जो काककाक गर्छ त्यो काग’, ‘जो रमण गर्छ त्यो राम’ भन्दै शब्दहरूको व्युत्पत्तिसमेत गरेका छन् (बन्धु, २०५७, पृ. १३) । यही आधारमा यास्कद्वारा रचित *निरुक्त* व्युत्पत्तिशास्त्र, भाषाविज्ञान तथा अर्थविज्ञानको प्राचीनतम प्रामाणिक ग्रन्थ हो भन्ने विषय स्पष्ट हुन्छ ।

## लौकिक संस्कृतमा भाषिक चिन्तन र पाणिनि सम्प्रदाय

संस्कृत भाषा इ.पू. १०००-८०० तिर वैदिक संस्कृतबाट विकसित हु“दै लौकिक संस्कृतमा परिवर्तित भएको मानिन्छ । त्यसपछिको भाषिक चिन्तनमा लौकिक संस्कृतलाई व्याकरणअनुसार आबद्ध गरेर राख्न वैयाकरण पाणिनिको अत्यन्त महŒवपूर्ण भूमिका रहेको छ । यस अवधिमा व्याकरण लेखन परम्पराका शिखर व्यक्तित्वका ¿पमा वैयाकरण पाणिनि देखिन्छन् । पाणिनि पूर्व पनि केही वैयाकरणहरू अस्तित्वमा रहेका जानकारी प्राप्त भए पनि मूलतः पाणिनि युगका चम्किला नक्षत्र पाणिनि, कात्यायन र पतञ्जलि हुन् । यी तीनलाई बुझाउनका लागि संस्कृत व्याकरण परम्परामा मुनित्रय शब्द प्रचलित पनि रहेको छ । लौकिक संस्कृतको उर्वर क्षणका रूपमा त्रिमुनिको काललाई लिइन्छ । यिनै तीन मुनिलाई मध्यविन्दुमा राखेर लौकिक संस्कृतको भाषिक चिन्तन वा पाणिनि सम्प्रदायलाई तीन चरणमा बा“डेर अध्ययन गर्न सकिन्छ :

## पूर्व पाणिनि युग

वैदिक संस्कृत युगका चर्चित व्यक्ति यास्क र लौकिक संस्कृत युगका पाणिनिका बिचको समयलाई पूर्व पाणिनि युग भनिन्छ । यसको समय मोटामोटी रूपमा इ.पू ५०० देखि इ.पू. पा“चौ“ शताब्दीको मध्यसम्म (इ.पू. ४५० तिर) मानिएको छ । यास्क र पाणिनिका बिचको समयमा भाषाका बारेमा पर्याप्त अध्ययन भएका छन् । यस समयका कुनै व्याकरण ग्रन्थ प्राप्त नभए पनि पाणिनि तथा उत्तरवर्ती व्याकरणकारहरूले आफ्ना ग्रन्थमा विभिन्न सम्प्रदाय रहेको चर्चा गर्दै उनीहरूको मतलाई समेटेका छन् । यसै आधारमा पूर्व पाणिनि युगमा विभिन्न भाषिक सम्प्रदाय अस्तित्वमा रहेका थिए भन्ने प्रमाण पाइन्छ । पाणिनि पूर्व आपिशलि तथा काशकृत्स्न, कैयट आदि व्याकरण सम्प्रदाय प्रचलनमा रहेको जानकारी पाइन्छ । पाणिनि पूर्व ५७ वैयाकरणको नाम उल्लेख भए तापनि संस्कृत व्याकरण शास्त्रका इतिहासकार युधिष्ठिर मीमांसकले आफ्नो *संस्कृत व्याकरणको इतिहास* ग्रन्थमा उल्लेख गरेका छन् । कतिपय ठाउँमा ९ जना वैयाकरण रहेको उल्लेख गरिएको पाइन्छ भने कतै ८३ जना वैयाकरण भएको समेत भेटिन्छ (तिमिल्सिना, २०६७, पृ. ६) । पाणिनि पूर्वका व्याकरण सम्प्रदायलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**ऐन्द्र सम्प्रदाय (इ.पू. ८४४३)**

ऐन्द्र सम्प्रदायका प्रवर्तक इन्द्र ऋषि (इ.पू. ८४४३) लाई मानिन्छ । यसलाई पाणिनिले आफ्नो व्याकरणमा उल्लेख नगरे पनि वैयाकरण कात्यायनको सम्बन्ध यस सम्प्रदायस“ग रहेको पाइन्छ । पुरानो *प्रातिशाख्य*का आधारमा निर्मित पछिल्लो *प्रातिशाख्य* यसै सम्प्रदायद्वारा निर्मित भएको हो भन्ने विद्वान्हरूको मत पाइन्छ । पाणिनिले आफ्नो व्याकरणमा भारद्वाजाय भन्ने सूत्र समावेश गरेका छन् ( तिमिल्सिना, २०६७, पृ. ७) । विद्वान्हरूले यिनै भारद्वाज ऋषिलाई ऐन्द्र सम्प्रदायका प्रवर्तक पनि मानेका छन् । पतञ्जलिले *महाभाष्य*मा देवताका आचार्य बृहस्पतिले इन्द्रलाई प्रकृति प्रत्यय नभएको व्याकरण पढाएका थिए (तिमिल्सिना, २०६७, पृ. ७) । पछि देवताको आग्रहमा इन्द्रले व्याकरणलाई प्रकृति प्रत्यय निष्पन्न बनाएका हुन् भनिन्छ ।

**शाकटायन सम्प्रदाय (इ.पू. २९४३)**

पाणिनिको अष्टाध्यायीको तीन सूत्रमा शाकटायनको नाम उल्लेख भएको पाइन्छ । यास्कले पनि उनको नाम उल्लेख गरेका छन् । यिनको नाम पतञ्जलिको महाभाष्यमा पनि छ । पतञ्जलिले यिनलाई व्याकरण शास्त्रका प्रवक्ता मानेका छन् । यिनका बारेमा यसबाहेक अन्य थप जानकारी प्राप्त हुन सकेको छैन ।

**आपिशलि सम्प्रदाय (इ.पू. २८४३)**

आपिशलि पाणिनिभन्दा पहिलेका व्याकरणकार हुन् । पाणिनिले आफ्नो व्याकरणमा आपिशलिको नाम उल्लेख गरेका छन् । यिनको एक नियम जयादित्य र वामनको *कोशिका*मा उल्लेख भएको छ भने कैयटले पनि आफ्नो ग्रन्थमा यिनको नाम उल्लेख गरेका छन् (गौतम र पौड्याल, २०७८, पृ. ११) । परवर्ती वैयाकरणहरूले अक्षरको लघुता र गुरुताको व्याख्या गर्दा यिनको मत उल्लेख गरेका छन् । धातु पाठ, गण पाठ, उणादि सूत्र, शिक्षा, कोश, अक्षर तन्त्र जस्ता कृतिका रचनाकार यिनी पूर्वीय भाषाशास्त्रका उपजीव्य ग्रन्थका रचनाकार मानिन्छन् । पाणिनि व्याकरणको उपजीव्य ग्रन्थ *आपिशलि व्याकरण* हो (तिमिल्सिना, २०६७, पृ. १५) । आपिशलिको ग्रन्थ पाणिनि युगसम्म प्रचलनमा रहेको जानकारी भए पनि हाल उपलब्ध छैन ।

**शाकल्य सम्प्रदाय (इ.पू. ३९४३)**

पाणिनिको *अष्टाध्यायी*को चार सूत्रमा शाकल्यको नाम उल्लेख भएको छ तर यिनको ग्रन्थ अहिलेसम्म उपलब्ध छैन । शौनक र कात्यायनले पनि यिनको नाम उल्लेख गरेका छन् (तिमिल्सिना, २०६७, पृ. १८) । पतञ्जलिले *महाभाष्य*मा शाकल्यको मतलाई शाकल नाम दिएका छन् ।

**काशकृत्स्न सम्प्रदाय (इ.पू. ३०४३)**

काशकृत्स्न व्याकरणकारको समय आपिशलिकै समय हो । यिनी व्यासका चेला थिए । पाणिनिको ग्रन्थमा यिनका बारेमा कुनै कुरा उल्लेख नभए पनि कात्यायनको *वार्तिक*मा पाइन्छ । जयादित्य र वामनको *कोशिका*मा यिनको व्याकरण ग्रन्थ तीन अध्यायमा विभक्त भएको चर्चा पाइन्छ । महाभारत युद्ध पूर्वको समय यिनको समय हो (तिमिल्सिना, २०६७, पृ. ११) । वोपदेव, शाकटायन, पतञ्जलि, भट्टभाष्कर तथा द्वैपायनले यिनको नाम उल्लेख गरेका छन् (तिमिल्सिना, २०६७, पृ. ११) । यसैका आधारमा काशकृत्स्नका बारेमा जानकारी पाइन्छ ।

**गार्ग्य सम्प्रदाय (इ.पू. ३०४३)**

गार्ग्य सम्प्रदायको उल्लेख पाणिनिको तीन सूत्रमा पाइन्छ । निरुक्तकार यास्कले पनि यिनलाई धातुमूलवादी आचार्यका रूपमा उल्लेख गरेका छन् । यिनका बारेमा पनि विस्तृत जानकारी उपलब्ध छैन ।

**गालव सम्प्रदाय (इ.पू. ३०४३)**

गालव सम्प्रदायको चर्चा पाणिनिको व्याकरणका चार सूत्रमा पाइन्छ । यिनी मूलतः ध्वनिविज्ञानीका रूपमा देखा पर्छन् । यिनी भरतद्वाजका नाति र गर्गका छोरा हुन् भनिन्छ । यिनले संहिता, ब्राह्मण, क्रम पाठ, शिक्षा, निरुक्त, देवत ग्रन्थ, शाकल्य तन्त्र, कामसूत्र ग्रन्थ रचना गरेका थिए भन्ने सूचना पाइन्छ (तिमिल्सिना, २०६७, पृ. १६) । यिनले एउटा शिक्षा ग्रन्थ पनि बनाएको सूचना पाइए पनि उपलब्ध छैन ।

**काश्यप सम्प्रदाय (इ.पू. २८४३)**

काश्यप सम्प्रदायको उल्लेख पाणिनिको अष्टाध्यायीको तीन सूत्रमा गरिएको छ तर व्याकरण ग्रन्थ प्राप्त छैन । महाभारत युद्धकालीन भाषाशास्त्री हुन् भन्ने मानिन्छ ।

माथि उल्लेख गरिएकाबाहेक वायु, भरद्वाज, भागुरि, पोष्करसादि, चारायण, वैयाघ्र पद्य, माध्यन्दिनी, रौढि, शौनकि, गोतम, व्याडि, चाक्रवर्यण, भारद्वाज, सेनक, स्फोटवाद, उदीच्या, दक्षिणात्य, प्राच्या आदि सम्प्रदायसमेत अस्तित्वमा रहेको जानकारी पाइन्छ । यसप्रकार पाणिनि पूर्व पनि विभिन्न सम्प्रदायहरू रहेका थिए भन्ने कुरा पाणिनि र उत्तरवर्ती वैयाकरणहरूले आफ्ना ग्रन्थमा उल्लेख गरेका प्रमाणका आधारमा स्पष्ट हुन्छ । यी सम्प्रदाय पाणिनि र उत्तरवर्ती वैयाकरणका लागि प्रेरणा स्रोत बने पनि पठनपाठनमा कायम नभएकाले लोप भएर गएका हुन् भन्ने अनुमान गर्न सकिन्छ ।

## पाणिनि युग

पाणिनि, कात्यायन र पतञ्जलि मुनित्रयको युगलाई पाणिनि युग भनिन्छ । पाणिनि विश्वकै ठुला वैयाकरण हुन् । संस्कृत भाषाका बारेमा सूक्ष्म अध्ययन गर्ने काम पाणिनिले गरेका छन् । पाणिनिको व्याकरण ग्रन्थ पूर्वीय र पाश्चात्य भाषाशास्त्रीका लागि आदर्श ग्रन्थ बनेको छ । पाणिनिपछि कात्यायन र त्यसपछि पतञ्जलि देखापरेका छन् । यिनै तीनै जना भाषाशास्त्रीबाट पाणिनि युग निर्माण भएको छ । यी तीन विद्वान्मा पाणिनिको व्याकरणमा रहेको अभावलाई कात्यायनले वार्तिकबाट पूर्णता दिएका छन् भने अघिल्ला दुवै विद्वान्का कृतिमा रहेका अपूर्णतालाई पूर्ण गर्ने कार्य पतञ्जलिले गरेका छन् ।

## पाणिनि

पाणिनिको जीवनीका बारेमा आधिकारिक प्रमाण प्राप्त छैन । यिनका बाबुको नाम पणिन् र आमाको नाम दाक्षी थियो । त्यसैले यिनलाई दाक्षी पुत्र पनि भनिन्छ । पाणिनिलाई शालातुरीय पनि भनिएको पाइन्छ । यसैका आधारमा यिनको जन्म शालातुरमा भएको मानिन्छ । यो अहिलेको पाकिस्तानको लाहोरको नजिकै पर्छ । पाणिनिको मृत्यु अकालमै भएको थियो र उनलाई सिंहले मारेको थियो भन्ने किंवदन्ती पाइन्छ (गौतम र पौड्याल, २०७८, पृ. १२) । वर्ष उपाध्याय आचार्य पाणिनिका गुरु थिए । पाणिनि पढाइमा कमजोर थिए । पछि हिमालयमा गएर शिवजीको तपस्या गरेर शिवजीबाट चौध सूत्र प्राप्त गरी फर्किए । यिनै महेश्वर सूत्रका आधारमा व्याकरण ग्रन्थको रचना गरेको मानिन्छ (गौतम र

पौड्याल, २०७८, पृ. १२) । पाणिनिले महेश्वरको डमरुको आवाजका ¿पमा प्राप्त गरेका चौध सूत्र यसप्रकार छन् : अइउण्, ऋलृक्, एओङ्, ऐऔच्, हयवरट्, लण्, ञमङणनम्, झभञ्, घढभष्, जबगडदश्, खफछठथचटतव्, कपय्, शषसर्, हल् ।

पाणिनिको जन्मस्थानका विषयमा एक मत नभए जस्तै यिनी कुन समयका थिए भन्ने विषयमा पनि मतैक्य पाइ“दैन । यिनको समयका बारेमा पाश्चात्य विद्वान् तथा भाषाशास्त्री म्याक्समुलर तथा बेबरले इ.पू. ३५० पछि भएको उल्लेख गरेका छन् । गोल्ट स्टुकर र भण्डारकरले इ.पू. ६५०, वासुदेवशरण अग्रवालले इ.पू. ४५० मानेका छन् (पौड्याल, २०६७, पृ. १२) । पाणिनिको समय इ.पू. पा“चौ“ शताब्दीको मध्यतिर नै रहेको धेरै विद्वान्हरूको मत पाइन्छ ।

पाणिनिको महŒवपूर्ण ग्रन्थ *अष्टाध्यायी* हो । *अष्टाध्यायी*मा आठ अध्याय रहेका छन् । आठओटा अध्याय रहेको हुनले यसलाई *अष्टाध्यायी* भनिएको हो । यस कृतिका प्रत्येक अध्यायमा चार पाउ वा चरण छन् र प्रत्येक चरणमा अनेक सूत्र (३२ सूत्र) छन् । यसमा ३९९५ सूत्रहरू छन् र यी सूत्रहरूले लौकिक संस्कृतका नियमलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन् (बन्धु, २०५७, पृ. १४) । पाणिनिको उक्त ग्रन्थ चौध सूत्रमा आधारित छ । भाषिक नियमलाई अत्यन्तै व्यवस्थित बनाएर प्रस्तुत गर्ने कार्य *अष्टाध्यायी*मा गरिएको छ । मानव मस्तिष्कद्वारा निर्मित अत्यन्तै व्वस्थित र सूत्रात्मक कृतिका ¿पमा *अष्टाध्यायी* रहेको छ । *अष्टाध्यायी*का पहिलो र दोस्रो अध्यायमा पद र वाक्य सङ्कलन गरिएको छ । तेस्रो, चौथो र पा“चौ“ अध्यायमा पदको प्रकृति र प्रत्ययको वर्गीकरण गरिएको छ । छैटौ“, सातौ“ र आठौ“ अध्यायमा आगम, आदेश, प्रकृति प्रत्ययबाट शब्दको रचनाका बारेमा चर्चा गरिएको छ ।

पाणिनिको *अष्टाध्यायी* व्याकरणलाई मानव मस्तिष्कको उच्च स्मारक मानिन्छ । भाषाको वैज्ञानिक र व्यवस्थित रूप पाणिनिको *अष्टाध्यायी* सूत्र पाठमा पाइन्छ । पाणिनि भाषाको भौगोलिक एवम् सामाजिक विस्तारलाई एउटै व्याकरणमा समेट्ने काम गर्ने प्रथम वैयाकरण हुन् । उनले लगभग ४ हजार मूल सूत्रलाई १४ सङ्क्षिप्त सूत्रमा सङ्क्षेपीकरण गरेका छन् । यसलाई प्रत्याहार पनि भनिन्छ । प्रत्याहारको अर्थ समेट्नु हो । उदाहरणका लागि ‘अच्’ भन्नाले ‘अ’ देखि ‘च’ सम्मका स्वर वर्ण तथा ‘हल्’ भन्नाले सबै व्यञ्जन वर्ण बुझिन्छ भने ‘अल्’ भन्नाले स्वर र व्यञ्जन दुवै बुझिन्छ । पाणिनिको

व्याकरणमा ध्वनि परिवर्तनको व्याख्या गरिएको छ र यहाँ ध्वनि परिवर्तन आगम, लोप र विपर्यय आदि कारणले हुन्छ भन्ने अवधारणा राखिएको छ । *अष्टाध्ययी*मा ध्वनि प्रक्रिया, रूपरचना प्रक्रिया, वाक्यरचना प्रक्रिया तथा व्याकरणका बारेमा विवेचना गरिएको छ । *अष्टाध्ययी*मा भाषाका सबै शब्द धातुमा आधारित हुने र धातुमा उपसर्ग तथा प्रत्यय लागेर शब्दको निर्माण (व्युतपादन) हुने अवधारणा प्रस्तुत गरिएको छ । धातुमा प्रत्यय लागेर कृदन्त शब्द बन्छन् भने प्रातिपदिकमा प्रत्यय लागेर तद्धित शब्दको निर्माण भएको हुन्छ भन्दै शब्दनिर्माणको व्यवस्थित ढाँचा पनि *अष्टाध्यायी*मा पाइन्छ । पाणिनिले सर्वप्रथम भाषाको आरम्भ वाक्यबाट हुन्छ भन्ने मान्यता राखेका थिए र आज यही अभिव्यक्तिबाट वाक्यविज्ञानको विकास हुन पुग्यो । आधुनिक भाषाविज्ञानले पनि व्याकरणको सबैभन्दा ठुलो एकाइका ¿पमा वाक्यलाई नै स्वीकार गरेको छ ।

यास्कले नाम, आख्यात, उपसर्ग र निपात गरी पदलाई चार प्रकारमा वर्गीकरण गरेका थिए । पाणिनिले पदलाई सुबन्त र तिङन्त गरी दुई भागमा विभाजन गरेका थिए । सुबन्तको सम्बन्ध संज्ञा, सर्वनाम, विशेषण, सङ्ख्यावाचक र अव्ययस“ग हुन्छ भने तिङन्तको क्रियास“ग रहन्छ । ध्वनिलाई स्थान र प्रयत्नका आधारमा वैज्ञानिक अध्ययन गर्ने परम्पराको थालनी पाणिनिबाट नै भएको हो । पाणिनिले कृत् तथा तद्धित प्रक्रियामा प्रत्येक प्रत्ययको अर्थ दिएर अर्थविज्ञानको आधारसमेत तयार गरेका छन् । यिनैले वैदिक र लौकिक संस्कृतको तुलनात्मक अध्ययन गरी तुलनात्मक भाषाविज्ञानको वैज्ञानिक आधार प्रस्तुत गरेका छन् । समास तथा कारक प्रक्रियाका मूल आधार वाक्यविज्ञान तथा अर्थविज्ञान भएको धारणा पनि पाणिनिले राखेका छन् । उनले एउटै शब्दले समासको भिन्नताले भिन्न भिन्न अर्थ दिन सक्ने धारणा पनि राखेका छन् । पाणिनिको व्याकरणको प्रस्तुतीकरणमा वैज्ञानिकता पाइन्छ । यिनको व्याकरणमा मितव्ययिता, सङ्क्षिप्तता र सूत्रात्मकता पाइन्छ । यसैका आधारमा आजको भाषाविज्ञानको जग निर्माण भएको हो । पाणिनिको *अष्टाध्ययी*को अध्ययनपश्चात् नै पश्चिमी जगत्मा आधुनिक भाषाविज्ञानको जग बसेको हो ।

पाणिनिले *अष्टाध्यायी*बाहेक अन्य ग्रन्थहरू लेखेका थिए । ती ग्रन्थको सम्बन्ध पनि भाषासँग नै रहेको छ । पाणिनिले *धातु* ग्रन्थमा अर्थ बुझ्न सरल होस् भनी धातुको गणना गरी तिनको अर्थ दिएका छन् । *गण पाठ*मा एउटै नियमअन्तर्गतका शब्दलाई एउटै समूहमा राखिएको छ । *उणादि पाठ*मा ७५० सूत्र

छन् (गौतम र पौड्याल, २०७८, पृ. १२) । यसमा धातुस“ग जोडिने प्रत्ययलाई कृत् प्रत्यय भनिएको छ । *लिङ्गानुशासन*मा संस्कृत भाषाको लिङ्ग व्यवस्थाका बारेमा स्पष्ट पार्दै पुलिङ्ग, स्त्रीलिङ्ग र नपुसङ्क लिङ्गका बारेमा स्पष्ट पारिएको छ (पौड्याल, २०६७, पृ. १२) । पाणिनिले संस्कृत व्याकरण परम्परालाई व्यवस्थित मात्र गरेका छैनन् बरु नियम सङ्गत पनि बनाएका छन् र भाषाको अध्ययन कुनै न कुनै व्यवस्थामा बाँधिएको हुनुपर्छ भन्ने वैज्ञानिक अध्ययनको बाटो पनि निर्माण गरेका छन् ।

**कात्यायन**

पाणिनीय व्याकरण परम्पराका अर्का वैयाकरण वार्तिककार कात्यायन हुन् । व्याकरणका क्षेत्रमा मुनि कात्यायनको प्रमुख स्थान रहेको छ । यिनको समय ५००-३५० इ.पू. को बिचतिर मानिन्छ । यिनी महाराष्ट्र क्षेत्रका विद्वान् हुन् । कात्यायनले पाणिनिको *अष्टाध्यायी* ग्रन्थमा आधारित रहेर *वार्तिक* ग्रन्थको रचना गरेका छन् । *अष्टाध्यायी*का सूत्रका आवश्यक संशोधन, परिवर्तन र परिवर्धनका निम्ति कात्यायनले जुन नियम बनाएका थिए त्यही नै *वार्तिक* ग्रन्थ हो । कात्यायनले *अष्टाध्यायी*को १५०० स्थानमा दोष देखाउ“दै त्यसलाई सुधार गर्ने काम *वार्तिक*मा गरेका छन् (पौड्याल, २०६७, पृ. १२–१३) । पाणिनिको *अष्टाध्यायी*मा देखिएका अपूर्णतालाई पूर्ण बनाउनका लागि कात्यायनले वार्तिक निर्माण गरेका हुन् । वार्तिकको आवश्यकतालाई निम्न श्लोकबाट स्पष्ट पारिएको छ :

> उक्तानुक्तदुरुक्तानां चिन्ता यत्र प्रवर्तते ।
> तं ग्रन्थं वार्तिकं प्राहुर्वार्तिकज्ञाः मनीषिणः ॥ १९॥ (त्रिपाठी, सन् १९९०, पृ.९०)

कात्यायनका विचारमा उक्तको अर्थ वर्णित नियमको अपवाद नियमको वर्णन, अनुक्तको अर्थ छुटेका नियमको उल्लेख, दुरुक्तको अर्थ गल्तीको सुधार हो । यसरी कात्यायनले *वार्तिक* ग्रन्थमा पाणिनिको सूत्रमा छुटेका नियमको उल्लेख गरेका छन् भने अपवाद नियमको वर्णन गर्दै भएका गल्तीमा सुधार गरेका छन् । पाणिनिभन्दा पछि कात्यायनको समयसम्ममा संस्कृत भाषामा केही अन्तर आएको पाइन्छ । यही अन्तरलाई *वार्तिक*मा नियमबद्ध गरिएको छ । कात्यायनले पाणिनिका पारिभाषिक शब्दलाई अधिकतम प्रयोग गरेका छन् भने कतै कतै नया“ शब्द पनि राखेका छन् । कात्यायनले स्वर (अच्), व्यञ्जन (हल्), समानाक्षर (अक्), भवन्ती (लट्) आदि शब्द प्रयोग गरेका छन् (पौड्याल,

२०६७, पृ. १२–१३ । वार्तिककार कात्यायनले पाणिनिको व्याकरणमा रहेका कमजोरीलाई समाधान गरी पूर्वीय भाषिक अध्ययन परम्परामा अपूर्णलाई पूर्ण बनाउने अनुसन्धान पद्धतिको थालनी पनि गरेका छन् ।

**पतञ्जलि**

पतञ्जलिको समय इ.पू. १५० तिर मानिन्छ । यिनले पाणिनिका सूत्रको व्याख्या गरी *महाभाष्य* ग्रन्थको रचना गरेका छन् । यिनका अन्य ग्रन्थमा *पातञ्जल योग सूत्र* (योग दर्शन), *सामवेदीय निदान-सूत्र, महानन्द काव्य, चरकसंहिता*को परिष्कार रहेका छन् । यिनी भारतको गोन्डा क्षेत्रमा जन्मेको अनुमान गरिन्छ तर यिनको *महाभाष्य*मा धेरै ठाउ“मा कश्मीर शब्दको प्रयोग पाइएकाले कसैकसैले उनलाई कश्मीर क्षेत्रका पनि भनेका छन् । यिनका थुप्रै नामहरू गोनर्दीय, गोणिका पुत्र, अहिपति, नागनाथ, फणी आदि प्रचलित छन् (गौतम र पौड्याल, २०७८, पृ. १२–१३ ) । पतञ्जलिले *महाभाष्य*मा पाणिनिको मतको मण्डन जहा“ गरेका छन्, त्यहा“ कात्यायनको नियमको खण्डन गरेका छन् । पतञ्जलिको *महाभाष्यमा* यस्तो भनिएको छ :

> सूत्रार्थो वर्ण्यते यत्र वाक्यैः सूत्रानुकारिभिः ।
> स्वपदानि च वर्ण्यन्ते भाष्यं भाष्यविदो विदुः ॥ १६ ॥ (त्रिपाठी, सन् १९९०, पृ.९०)

'यथोत्तर मुनीनां प्रामाण्यम्' भनेकै मुनित्रय पाणिनि, कात्यायन र पतञ्जलिमा पाणिनिभन्दा कात्यायन, कात्यायनभन्दा पतञ्जलि प्रामाणिक मानिन्छन् । पतञ्जलीको *महाभाष्य*मा मुख्यतः तीनओटा उद्देश्य रहेका छन् । पतञ्जलिले समय परिवर्तनस“गै पाणिनिको सूत्रको व्याख्या गरेका छन् । पतञ्जलिले कात्यायनको वार्तिकमा रहेका अनुचित वा अनुपयुक्त कुराको खण्डन गरेका छन् । उनले भाषाको दार्शनिक पक्षको व्याख्या गर्नुका साथै पतञ्जलिको *महाभाष्य*को टीका पनि तयार गरेका छन् ।

**पाणिनि उत्तर युग/परवर्ती संस्कृत व्याकरण परम्परा**

पाणिनि युगका मुनित्रयको संयुक्त प्रयासबाट संस्कृत व्याकरणले पूर्णता प्राप्त गरेको हो । पाणिनि युगपछिको परम्परा भनेको यिनै वैयाकरणहरूका ग्रन्थको व्याख्या र टीका लेखनको परम्परा हो । *अष्टाध्यायी*को टीका ग्रन्थको लेखनमा जयादित्य र वामनको (इसाको सातौ“ शताब्दी) स्थान

महŒवपूर्ण छ । यिनीहरूले *काशिका* ग्रन्थ तयार पारेका छन् । यिनीहरूको समय इसाको सातौ“ शताब्दी मानिन्छ । *काशिका* ग्रन्थमा आठ अध्याय छन् । सुरुका पा“च अध्याय जयादित्य र पछिल्ला तीन अध्याय वामनले रचना गरेका छन् । यसमा पाणिनिका सूत्रको अर्थ उदाहरणद्वारा प्रस्ट पारिएको छ भने गणपाठसमेत समावेश गरिएको छ । जिनेन्द्र बुद्धिको (इसाको आठौ“ शताब्दी) *काशिका-न्यास* वा *काशिका विवरण* पक्ष पञ्जिका हो (गौतम र पौड्याल, २०७८, पृ. १२–१३ ) । उनले वार्तिकले सिद्ध गरेका शब्दलाई सूत्रद्वारा पुष्टि गर्ने प्रयास गरेका छन् ।

भर्तृहरि (इसाको नवौ“ शताब्दी) *महाभाष्य*का उल्लेख्य टीकाकार छन् । यिनका *महाभाष्य दीपिका* र *वाक्यपदीय* दुईओटा कृतिहरू छन् । *महाभाष्य दीपिका* पतञ्जलीको *महाभाष्य*को व्याख्या हो । यसमा २५ हजार श्लोक रहेका छन् । यिनको व्याकरण दर्शन तथा भाषाशास्त्रको महŒवपूर्ण ग्रन्थ *वाक्यपदीय* हो । यसमा भाषाको दार्शनिक पक्षको विवेचना गरिएको छ । यस ग्रन्थमा ब्रह्माकाण्ड, वाक्यकाण्ड र पदकाण्ड रहेका छन् । ब्रह्माकाण्डमा शब्द ब्र≈मको स्थापना गरिएको छ र स्फोट सिद्धान्त तथा वाक्यको भाषाको सार्थक एकाइ विषयक सिद्धान्त प्रतिपादन गरिएको छ । वाक्यकाण्डमा पदपदार्थ, वाक्य र वाक्यार्थको विवेचना गरिएको छ । पदकाव्यमा व्याकरणस“ग सम्बन्धित विषयको दार्शनिक विवेचना गरिएको छ । यसमा लिङ्ग, काल, वचन, समास, कारक आदिको व्याख्या गरिएको छ
(पौड्याल, २०६७, पृ. १२–१३) । भतृहरिले उत्तर पाणिनीय परम्परामा भाषिक अध्ययनलाई अगाडि बढाउनका लागि विशेष भूमिका निर्वाह गरेका छन् ।

कैयट (एघारौ“ शताब्दी) ले महाभाष्यको टीका लेखेका छन् । उनले *प्रदीप* टीका लेखेका छन् । यसमा *महाभाष्य*का कठिन कुराहरूलाई विद्वतापूर्ण ढङ्गबाट स्पष्ट पारिएको छ । विभिन्न ग्रन्थहरूको टीका ग्रन्थ लेख्ने परम्परापछि कौमुदी ग्रन्थ लेख्ने परम्परा सुरु भएको पाइन्छ । भट्टोजिदीक्षित (१७ औ“ शताब्दी) कौमुदी परम्पराका जन्मदाता हुन् । यिनले *सिद्धान्त कौमुदी*को रचना गरेका छन् । पाणिनिको *अष्टाध्यायी*को महेश्वर सूत्र (१४ सूत्र) लाई उनले १४ प्रकरणमा विभाजित गरेका छन् । उनले संज्ञा, परिभाषा, सन्धि, सुबन्त, अव्यय, स्त्रीप्रत्यय, कारक, समास, तद्धित, तिङन्त, प्रक्रिया, कृदन्त, वैदिक र

स्वर प्रकरणमा कौमुदीलाई विभाजन गरेका छन् (गौतम र पौड्याल, २०७८, पृ. १२–१३ ) । भट्टोजिदीक्षितका *शब्दकौस्तुभ, सिद्धान्त कौमुदी, प्रौढ मनोरमा* तीनओटा प्रमुख ग्रन्थहरू रहेका छन् । *शब्द कौस्तुभ* अष्टाध्यायीका सूत्रको टीका हो भने *प्रौढ मनोरमा* सिद्धान्त कौमुदीको व्याख्या हो । वरदराज (१८ औं शताब्दी) भट्टोजिदीक्षितका शिष्य थिए । यिनले सिद्धान्त कौमुदीका *मध्यकौमुदी* तथा *लघुकौमुदी* दुईओटा सङ्क्षिप्त ग्रन्थ लेखेका छन् । यीबाहेक वरदराजको *गीर्वाण पदमञ्जरी* तथा *सारसिद्धान्त कौमुदी* दुईओटा ग्रन्थ रहेका छन् (गौतम र पौड्याल, २०६७, पृ. १२–१३ ) । संस्कृत भाषाको पठनपाठन यिनै व्याकरण ग्रन्थहरूमा आधारित रही आएको छ ।

## निष्कर्ष

भाषाको अध्ययन गर्ने विभिन्न पद्धति प्रचलित रहेका छन् । यी विविध पद्धतिमध्ये ऐतिहासिक भाषाविज्ञानले भाषाको इतिहास सापेक्ष अध्ययन गर्छ । भाषाको विकासलाई प्राचीन काल र आधुनिक काल गरी दुई खण्डमा विभाजन गरिएको पाइन्छ । वैदिक तथा लौकिक संस्कृत भाषा हुँदै सत्रौं शताब्दीसम्मको भाषिक चिन्तनलाई प्राचीन कालखण्डमा राखिएको छ । प्राचीन कालखण्डको सबैभन्दा उपलब्धिपूर्ण भाषिक परम्परा बनेर संस्कृत व्याकरण परम्परा रहेको छ । उत्तरवर्ती भाषिक अध्ययनमा समेत यही परम्पराको प्रभाव परेको पाइन्छ । संस्कृत भाषिक अध्ययन पनि वैदिक संस्कृत र लौकिक संस्कृतका रूपमा विकसित भएको छ । लौकिक संस्कृत परम्परामा विकसित भएको भाषाको अध्ययन गर्ने पद्धति विश्वकै लागि अनुकरणीय बन्न पुगेको छ । यही व्याकरण परम्पराको जगमा थुप्रै व्याकरण ग्रन्थहरू रचना गरिएका छन् । पूर्वीय विद्वान्हरूले यिनै परम्परागत व्याकरण ग्रन्थका आधारमा थुप्रै व्याकरणका ग्रन्थहरूको निर्माण गरेका छन् र यिनै ग्रन्थहरू पठनपाठनमा समेत उपयोग गर्न थालिए । पाणिनि, कात्यायन र पतञ्जलिको व्याकरणसम्बन्धी अध्ययनले पूर्वीय भाषिक चिन्तनमा नयाँ उचाइ बनाएको छ । यिनै वैयाकरणको व्याकरणिक स्थापनाबाट विश्वले नै नयाँ अध्ययनको परिपाटी प्राप्त गरेको छ । उत्तरवर्ती भाषिक अध्ययनमा पनि यिनै वैयाकरणद्वारा स्थापित अवधारण विकसित हुँदै गएका छन् र पाश्चात्य भाषिक अध्ययन परम्परामा समेत पूर्वीय भाषिक अध्ययनको स्पष्ट प्रभाव परेको पाइन्छ । संस्कृत भाषिक अध्ययन परम्पराले केवल संस्कृत भाषालाई मात्र व्यस्थित नगरी विश्वका सबै समृद्धशाली भाषाको वैज्ञानिक अध्ययनको परम्परा बसालिदिएको छ । भाषालाई

सुव्यवस्थित गराउने कार्यमा पाणिनि, कात्यायन र पतञ्जलिको विशेष भूमिका रहेको छ । मानव मस्तिष्कको सुव्यवस्थित कार्यका रूपमा रहेको *अष्टाध्यायी* र समग्र संस्कृत भाषिक चिन्तन परम्परा विश्वकै लागि अनुकरणीय बन्न पुगेको छ । आजको भाषाको अध्ययन पनि यही बलियो जगमा नै उभिएको छ ।

## सन्दर्भ सामग्रीसूची


गिरी, जीवेन्द्रदेव (२०५१). भाषाको तुलनात्मक अध्ययन र पुनर्निर्माण प्रक्रिया. *सुनकोसी* - वर्ष १, पृ. ७४-८४ ।

गौतम, देवीप्रसाद, रामनाथ ओझा र सखिशरण सुवेदी (२०६७). सामान्य भाषाविज्ञान. काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

गौतम, देवीप्रसाद र शालिकराम पौड्याल (२०७८). *भाषिक अध्ययन परम्परा : सम्प्रदाय र अवधारणा.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

घिमिरे, वासुदेव (२०६४). *ऐतिहासिक भाषाविज्ञान.* काठमाडौ" : अस्मिता पब्लिकेसन ।

तिमिल्सिना, मोहनप्रसाद (२०६७). *भाषिक कालको विश्लेषण.* काठमाडौ" : रीता तिमिल्सिना ।

तिवारी, भोलानाथ (सन् १९९३). *आधुनिक भाषाविज्ञान.* दिल्ली : लिपि प्रकाशन ।

तिवारी, भोलानाथ (सन् २००४). *भाषाविज्ञान.* इलाहावाद : किताब महल ।

त्रिपाठी, कपिलदेव (सन् १९९०). *पाराशरोपपुराणम्.* वाराणसी : हरिशचन्द्रमणि त्रिपाठी ।

द्विवेदी, कपिलदेव (सन् २००६). *भाषाविज्ञान एवं भाषाशास्त्र.* वाराणसी : विश्वविद्यालय प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०५१). *भाषाविज्ञानको रूपरेखा.* धरान : नेपाल बुक डिपो ।

पौड्याल, शालिकराम (२०६७). *भाषाविज्ञानका प्रमुख सिद्धान्त.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

बन्धु, चूडामणि (२०५०). *भाषाविज्ञान.* ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५७). *भाषाविज्ञानका सम्प्रदाय.* दोस्रो सं.. काठमाडौ" : एकता प्रकाशन ।

शर्मा, देवेन्द्रनाथ र दीप्ति शर्मा (सन् २००५). *भाषाविज्ञानकी भूमिका.* दिल्ली : राधाकृष्ण प्रकाशन ।